जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
दैनिक
पूर्वसन्देश
PURBA SANDESH DAILY
purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २७३ ❑ २०८३ कात्तिक १४ गते शनिबार ❑ Saturday, 31 Oct. 2026 ❑ मूल्य ७ /-

उज्यालो नेपालका जोखिम र समृद्धिको पाटो (२)

✍ विमल लामिछाने

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

दमक-चिसापानी सडकले पूर्णता पाउने अपेक्षा

✍ पूर्वसन्देश समाचार

दमक/ दमकदेखि इलामको माङ्सेबुङ जोड्ने दमक-चिसापानी सडक निर्माणको प्रक्रिया फेरि अघि बढाइएको छ । यो सडकको माङ्सेबुङ-लारुम्बा-चिसापानी खण्ड कालोपत्रे गर्न १ अर्ब २२ करोड ७९ लाख ४४ हजार रूपैयाँभन्दा बढीको ठेक्का प्रक्रिया अघि बढाइएको हो ।

प्रधानमन्त्री बालेन्द्र शाहको चुनावी प्रतिबद्धतामा समेत परेको यो सडकको नयाँ ठेक्का प्रक्रियालाई स्थानीयले विकास निर्माणको आशाका रूपमा हेरेका छन् ।

पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सडक डिभिजन दमकले नयाँ ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरेको छ । सूचनाअनुसार काठमाडौंको महालक्ष्मी-जय धनञ्जय जेभी एक अर्ब २२ करोड ७९ लाख ४४ हजार ८७२ रूपैयाँ ६१ पैसाको कबोल रकमसहित प्रारम्भिक छनोटमा परेको छ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले लामो समयदेखि अलपत्र रहेको सडकको निर्माण प्रक्रिया अघि बढाउनुलाई प्रतिबद्धता कार्यान्वयनतर्फको महत्वपूर्ण कदमका रूपमा उल्लेख गरेका छन् ।

करिब २५.५ किलोमिटर लामो माङ्सेबुङ-लारूम्बा-चिसापानी सडक खण्ड तीन वर्षभित्र कालोपत्रे गर्ने लक्ष्यसहित २०७६ फागुनमा ठेक्का सम्झौता गरिएको थियो । तर पटकपटक ताकेता, पत्राचार र सूचना जारी गर्दा पनि निर्माण व्यवसायीले काम अघि नबढाएपछि सरकारले सम्झौता अन्त्य गरेको थियो । ठेक्का अन्त्यसँगै कार्यसम्पादन जमानत जफत गर्ने, बाँकी काम सम्पन्न गर्न लाग्ने रकम सरकारी बाँकीसरह असुल गर्ने र सम्बन्धित निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने निर्णयसमेत गरिएको थियो ।

पुरानो ठेक्का अन्त्य गर्ने सरकारी निर्णयविरूद्ध निर्माण व्यवसायी अदालत पुगेपछि कानुनी विवादका कारण नयाँ ठेक्का प्रक्रिया अघि बढाउन ढिलाइ भएको थियो ।

अहिले भने कानुनी प्रक्रिया तथा विभिन्न विवाद समाधान गर्नुका साथै स्रोत सहमति, लागत अनुमान र डिजाइन अद्यावधिक गर्ने काम पूरा भएपछि पुनः ठेक्का प्रक्रिया अघि बाँकी ४ पेजमा ▸▸

दमकमा स्तन क्यान्सर सचेतना तथा क्यान्सर विजेता सम्मान कार्यक्रम

दमक । विश्व स्तन क्यान्सर सचेतना महिना 'पिंक अक्टोबर' को अवसरमा झापाको दमकमा स्तन क्यान्सर सचेतना तथा क्यान्सर विजेता सम्मान कार्यक्रम सम्पन्न भएको छ ।

पूर्वाञ्चल क्यान्सर अस्पताल र दमक नगरपालिकाको सहकार्यमा आयोजित कार्यक्रममा स्तन क्यान्सरबारे जनचेतना अभिवृद्धि गर्नुका साथै रोगलाई पराजित गरेका महिलाहरूको साहस र संघर्षको सम्मान गरिएको थियो ।

दमक नगरपालिका-७ स्थित वडा कार्यालयको सभाहलमा भएको कार्यक्रममा नगरप्रमुख रामकुमार थापा प्रमुख अतिथि तथा उपप्रमुख रेगिना भट्टराई प्रसाईं विशेष अतिथिका रुपमा सहभागी थिए । कार्यक्रममा स्वास्थ्य, प्रशासन, महिला तथा कल्याण विभागका प्रमुख, स्वास्थ्य स्वयंसेविका तथा अन्य सरोकारवालासहित ९० जनाभन्दा बढीको सहभागिता थियो ।

कार्यक्रममा पूर्वाञ्चल क्यान्सर अस्पतालका मेडिकल बाँकी ४ पेजमा ▸▸

एनप्याब्सन निलम्बित

दमक/ राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम सञ्चालनमा रहेको राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) लाई गृह मन्त्रालयले निलम्बन गरेको छ ।

मन्त्रालयले दिएका निर्देशन बारम्बार पालना नगरेको र संगठनका पदाधिकारीले स्वीकृत विधान तथा मूल उद्देश्यविपरीत कार्य गरेको भन्दै अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरिएको हो ।

गृह मन्त्रालयद्वारा जारी सार्वजनिक सूचना अनुसार, सम्बद्ध सरोकारवाला पक्षसँग गत असोज २३ गते छलफल गराई ऐन तथा मन्त्रालयबाट २०८२ मंसीर १२ गते जारी निर्देशन बमोजिम कार्य गर्न आग्रह गरिएको थियो ।

उक्त निर्देशनको पालना नभएपछि राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ५ बमोजिमको निर्देशन पालना नगरेकाले सोही ऐनको दफा ६ को उपदफा (२) बमोजिम संस्थालाई निलम्बन गरिएको मन्त्रालयले जनाएको छ ।

सूचना जारी भएसँगै अब संस्थाका नाममा कुनै पनि समूह वा गुटबाट हुने सम्पूर्ण क्रियाकलाप गैरकानूनी हुने र त्यस्ता गतिविधि गरेमा प्रचलित कानून बमोजिम कारबाही हुने मन्त्रालयले चेतावनी दिएको छ ।

तिहारमा ५१ लाख फूल माला खपत हुने

दमक/ यस वर्षको तिहारमा करिब ५१ लाख ८० हजारवटा फूलका माला खपत हुने अनुमान गरिएको छ। सयपत्री, मखमली, गोदावरी तथा विभिन्न फूलबाट तयार गरिएका माला गरी उक्त परिमाणमा खपत हुने अनुमान फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)ले गरेको हो ।

एसोसिएसनका अनुसार यस वर्ष तिहारमा सयपत्री फूलका करिब ४५ लाख, मखमलीका ६ लाख, गोदावरीका २० हजार र मिक्स फूलका करिब ६० हजार माला खपत हुने अनुमान छ। यीमध्ये अधिकांश माग स्वदेशमै उत्पादित फूलबाट आपूर्ति हुने अपेक्षा गरिएको छ। गत वर्षको तिहारमा करिब ४० लाख सयपत्रीका माला खपत भएका थिए ।

यस वर्ष पनि बजार माग बढ्ने अनुमान गरिएको छ। उत्पादन तथा बजार विस्तारका कारण सयपत्रीका मालाको कारोबार करिब ४५ लाख वटासम्म पुग्ने अनुमान एसोसिएसनको छ। अविरल वर्षाका कारण केही क्षेत्रमा सयपत्री फूलको खेतीमा क्षति पुगे पनि आन्तरिक उत्पादनबाट करिब ४० लाख माला बराबरको आपूर्ति हुने अनुमान गरिएको एसोसिएसनका अध्यक्ष राजेश भक्त श्रेष्ठले बताए । बाँकी ४ पेजमा ▸▸

झापामा चार लाख ५१ हजारले पाए राष्ट्रिय परिचयपत्र

दमक/ झापामा चार लाख ५१ हजार ७०४ जनाले राष्ट्रिय परिचयपत्र प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालयका अनुसार चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिको प्रगति प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो । झापामा जिल्ला प्रशासन कार्यालय भद्रपुर, इलाका प्रशासन कार्यालय गौरीगन्ज र इलाका प्रशासन कार्यालय दमकबाट राष्ट्रिय परिचयपत्रको विवरण दर्ता र कार्ड वितरण गर्ने कार्य भइरहेको छ ।

जिल्लामा राष्ट्रिय परिचयपत्रका लागि आठ लाख ६४ हजार ८१६ जनाको विवरण दर्ता भएकामा पाँच लाख ५३ हजार ५४८ जनाको कार्ड केन्द्रबाट प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी सहदेव रायमाझीले जानकारी दिए ।

केन्द्रबाट प्राप्त भइसकेका एक लाख एक हजार ८४४ राष्ट्रिय परिचयपत्रको कार्ड वितरणका लागि तयारी अवस्थामा छन् । मृत्यु भएका, वैदेशिक रोजगारीमा गएका, काम विशेषले जिल्ला बाहिर रहेकाको राष्ट्रिय परिचयपत्रको कार्ड वितरण हुन नसकेको रायमाझीले बताए ।

"राष्ट्रिय परिचयपत्रको कार्ड लिनका लागि सम्बन्धित व्यक्ति आफैँ उपस्थित हुनुपर्ने प्रावधान छ", उनले भने । चालु आवको साउन, भदौ र असोज महिनामा जिल्ला प्रशासन कार्यालयबाट २४ हजार ६४६ जनाको राष्ट्रिय परिचयपत्रको विवरण संकलन, तीन हजार ७७८ जनाको नागरिकता वितरण, बाँकी ४ पेजमा ▸▸

वर्षा हुँदा किसानलाई समस्या

ताप्लेजुङ/ पाकेको धान र कोदो थन्क्याउने समयमा वर्षा भएपछि ताप्लेजुङका किसानलाई समस्या भएको छ । जिल्लाका प्रायः स्थानमा धान र कोदो पाकेर पहेँलपुर भएका छन् । तर, दुई दिनदेखिको वर्षाका कारण पाकेको बाली थन्क्याउन कठिन भएको किसानले बताएका छन् ।

सिरिजङ्घा गाउँपालिका-७ का किसान श्याम राईले पाकेको अन्नबाली थन्क्याउने समयमा वर्षा भएपछि चिन्ता बढेको बताए । "अहिलेसम्म हावाहुरी र असिना परेको छैन । तर, हावाहुरी चल्ने वा ठूलो वर्षा हुने हो भने धान ढल्ने र झर्ने समस्या हुन सक्छ भन्ने चिन्ता छ," उनले भने ।

जिल्लाका अधिकांश किसानलाई यतिखेर अलैँची टिप्ने र सुकाउने चटारोसमेत छ । वर्षाका कारण अलैँची बगानमा काम गर्न पनि समस्या भएको किसानले बताएका छन् । अलैँची टिपिसकेका किसानलाई भने वर्षाले केही राहत दिएको छ । अलैँची टिपेपछि वर्षा हुँदा सिँचाइ हुने भएकाले बोट सुक्न र मर्नबाट जोगिने अलैँची किसान रश्मी आचार्यले बताइन् ।

सम्पादकीय

वामपन्थी सहकार्य कि स्वार्थको समीकरण ?

नेपालको समसामयिक राजनीतिमा नेकपा एमाले र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बीचको सम्बन्धले फेरि चर्चा पाएको छ । राजनीतिक परिस्थितिमा आएको परिवर्तनसँगै यी दुई वामपन्थी शक्तिबीच सहकार्यको सम्भावना खोजिन थाले पनि तत्काल पार्टी एकताको सम्भावना भने देखिएको छैन । राष्ट्रिय मुद्दा, प्रदेश सरकारको समीकरण र आगामी स्थानीय निर्वाचनलाई केन्द्रमा राखेर कार्यगत एकता वा चुनावी तालमेलको सम्भावना खुला राखिनुले राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना गरेको छ ।

राजनीतिमा स्थायी शत्रु र स्थायी मित्र हुँदैनन् भन्ने भनाइ नेपाली राजनीतिको व्यवहारमा पटकपटक पुष्टि हुँदै आएको छ । हिजो एकअर्काविरुद्ध आरोपप्रत्यारोपमा उत्रिएका नेताहरु आज एउटै राजनीतिक समीकरणमा उभिनु अस्वाभाविक होइन । तर प्रश्न सहकार्यको मात्र होइन, त्यसको उद्देश्य, आधार र स्थायित्वको हो । एमाले र नेकपाबीच पछिल्लो समय देखिएको निकटतालाई पनि यही दृष्टिकोणबाट विश्लेषण गर्न आवश्यक छ ।

जेनजी आन्दोलनपछि बदलिएको राजनीतिक परिस्थिति र त्यसपछिको निर्वाचन परिणामले परम्परागत ठूला दलहरुलाई आफ्नो राजनीतिक हैसियत पुनर्विचार गर्न बाध्य बनाएको छ । प्रतिनिधिसभा निर्वाचनमा एमाले २५ र नेकपा १७ सिटमा सीमित हुनुले उनीहरुको जनाधार र संगठनात्मक शक्तिमाथि गम्भीर प्रश्न उठाएको छ । अर्कोतर्फ, राष्ट्रिय स्वतन्त्र पार्टीको विस्तार र नेपाली कांग्रेसको संगठन सुदृढीकरणको प्रयासले पुराना राजनीतिक शक्तिहरुमाथि थप चुनौती सिर्जना गरेको छ । यस्तो अवस्थामा वामपन्थी शक्तिबीच सहकार्यको खोजी हुनु राजनीतिक आवश्यकतासँग जोडिएको देखिन्छ ।

पाँचवटा प्रदेश सरकारमा एमाले र नेकपाबीच भएको सत्ता साझेदारीले पनि संघीय राजनीतिमा सहकार्यको सम्भावनालाई बल दिएको छ । तर सत्ता समीकरणमा मिल्नु र वैचारिक रुपमा एक हुनु फरक विषय हुन् । नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले राष्ट्रिय स्वाधीनता र लोकतान्त्रिक अधिकारका विषयमा जोसँग पनि सहकार्य गर्न सकिने बताए पनि एमालेमाथि भ्रष्टाचार संरक्षणको आरोप लगाएका छन् । एमाले उपाध्यक्ष रघुजी पन्तले पनि पार्टी एकताको सम्भावना अस्वीकार गर्दै एमालेको नेतृत्वमा बृहत् वामपन्थी सहकार्यको धारणा अघि सारेका छन् । यी अभिव्यक्तिले दुई दलबीच विश्वासको संकट अझै कायम रहेको देखाउँछन् ।

२०७४ को निर्वाचनपछि भएको तत्कालीन नेकपाको एकता र त्यसको विघटनबाट राजनीतिक नेतृत्वले पाठ सिक्न आवश्यक छ । शक्ति बाँडफाँट, नेतृत्वको टकराव, वैचारिक अस्पष्टता र व्यक्तिगत महत्त्वाकांक्षाले बहुमत प्राप्त पार्टीसमेत टिक्न नसकेको इतिहास ताजै छ । एमालेको जनताको बहुदलीय जनवाद र नेकपाको फरक वैचारिक दृष्टिकोणबीच साझा आधार निर्माण नगरी गरिने एकता फेरि असफल हुने जोखिम रहन्छ ।

त्यसैले अहिलेको आवश्यकता सत्ता प्राप्तिका लागि गरिने अस्थायी गठबन्धनभन्दा स्पष्ट नीति, साझा कार्यक्रम र जनताप्रतिको जवाफदेहितामा आधारित सहकार्य हो । निर्वाचनमा सिट बाँडफाँट गरेर राजनीतिक अस्तित्व जोगाउन सकिएला, तर जनविश्वास पुनः प्राप्त गर्न सकिँदैन । वामपन्थी दलहरुले विगतका कमजोरी स्वीकार्दै सुशासन, रोजगारी, आर्थिक समृद्धि र सामाजिक न्यायका मुद्दामा आफूलाई प्रमाणित गर्नुपर्छ । अन्यथा एमाले र नेकपाबीचको सहकार्य पनि सत्ता र शक्तिको समीकरणमा सीमित हुनेछ । राजनीतिक एकताको वास्तविक आधार नेताहरुको आवश्यकता होइन, जनताको विश्वास र साझा राजनीतिक उद्देश्य बन्नुपर्छ ।

उज्यालो नेपालका जोखिम र समृद्धिको पाटो

छिमेकी बजारमा ऊर्जा बेचेर विदेशी मुद्रा आर्जन गर्नु र क्षेत्रीय बजारमा जोडिनु नेपालका लागि स्वागतयोग्य कदम हो । तर, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट पाठ सिकेर जलविद्युत् संरचनाहरुलाई जलवायु-अनुकूल, थप लचिलो र सुरक्षित बनाउनु अब अनिवार्य भइसकेको छ । सम्भावित जोखिम न्यूनीकरणका लागि नदी क्षेत्रको सूक्ष्म अध्ययन र पूर्वसूचना प्रणालीको विकास गर्नु उत्तिकै आवश्यक छ ।

✍ विमल लामिछाने

नेपालका खोलानालामा उर्लने पानी हेर्दै हाम्रा पूर्खाले गर्वका साथ भन्ने गरेका थिए-'नेपालको धन, जलस्रोत नै हो' तर, दशकौंसम्म लोडशेडिङको कहालीलाग्दो अन्धकार भोगेको यो देशमा जलस्रोत केवल भाषण, निबन्ध र कागजी सपनामा मात्र सीमित रह्यो ।

आज परिदृश्यले ठूलै कोल्टे फेरेको छ । कुनै समय १८ घण्टासम्मको अन्धकार झेलेका नेपाली जनताका लागि जलविद्युत्को कथा अब केवल कल्पना रहेन, यथार्थको धरातलमा परिणत भएको छ । नेपालको कुल जडित विद्युत् उत्पादन क्षमता ४,३०० मेगावाटभन्दा माथि पुगिसकेको छ भने मुलुकभरका ९९ प्रतिशतभन्दा बढी नागरिकको घरमा बिजुलीको उज्यालो पुगेको छ । नेपाल अब केवल आन्तरिक उपभोगमा मात्र सीमित नरही क्षेत्रीय ऊर्जा व्यापारको नयाँ अध्यायमा प्रवेश गरेको छ ।

भारततर्फ विभिन्न माध्यम र मध्यकालीन सम्झौतामार्फत बिजुली निर्यातका लागि नेपालले अनुमति पाएको क्षमता एक हजार मेगावाटभन्दा माथि पुगेको छ । बर्खाको समयमा आन्तरिक माग धानेर जगेडा रहेको बिजुली छिमेकी देशहरुमा पठाएर अर्बौं रुपैयाँ भित्रिन थालेको छ । बंगलादेशसँगको ऊर्जा व्यापारले पनि औपचारिक र सार्थक बाटो समाएको छ । काठमाडौंदेखि नयाँदिल्लीसम्म भइरहेका उच्चस्तरीय बैठकहरु र आगामी १० वर्षभित्र थप अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने सहमतिले नेपालको ऊर्जा भविष्यलाई अझ फराकिलो बनाएको छ । तर, यी सबै चमकदार तथ्यांक र सफलताका बाबजुद एउटा गम्भीर प्रश्न खडा हुन्छ, के साँच्चै बाहिर बिजुली बेचेर मात्र देश धनी बन्न सक्छ ? वा १५ खर्बभन्दा बढीको विशाल वैदेशिक व्यापार घाटा बोकेको अर्थतन्त्रका लागि यो निर्यातले मात्र कायापलट गर्न सक्छ ?

प्रकृति र जलवायु परिवर्तनको मारः बाढीले भत्काएका आयोजनाहरु

जलविद्युत् क्षेत्रमा देखिएको यो उज्यालो पक्षसँगै यसको कालो र जोखिमपूर्ण पाटो पनि उत्तिकै कहालीलाग्दो छ । नेपालका नदीहरुको अनिश्चित बहाव, जलवायु परिवर्तनका कारण हिमताल फुट्ने जोखिम र भयानक बाढीपहिरोका कारण बर्सेनि बन्दै गरेका र बनिसकेका दर्जनौं जलविद्युत् आयोजनाहरुमा भारी क्षति पुग्ने गरेको छ ।

हालसालै आएका विनाशकारी बाढी तथा गेगरसहितको लेदो प्रवाहले रसुवा, भोटेकोसी, त्रिशूली, बुढीगण्डकीलगायतका नदी आसपास रहेका थुप्रै जलविद्युत् आयोजनाहरुलाई तहसनहस बनाएका छन् । सरकारी तथा निजी क्षेत्रको लगानीमा सञ्चालनमा आएका र बन्दै गरेका दर्जनौं आयोजनाहरु बाढीले बगाउँदा वा क्षतिग्रस्त पार्दा सयौं मेगावाट विद्युत् उत्पादन ठप्प भएको छ ।

विशेषगरी सतहमा बनेका पावरहाउस, बाँध (ड्याम) र बालुवा थिग्राउने पोखरीहरु (डिस्यान्डर) बाढीको उच्च जोखिममा पर्ने गरेका छन् । अर्बौं रुपैयाँ लगानी गरेर निर्माण गरिएका यी संरचनाहरु अचानक ठप्प हुँदा वा भत्किँदा एकातिर उत्पादक र शेयरधनी जनताको लगानी डुबेको छ भने अर्कोतिर हिउँदको समयमा आन्तरिक माग धान्न फेरि पनि भारतबाटै महँगोमा बिजुली आयात गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । जलवायुजन्य विपद्का कारण आयोजनाहरु बारम्बार क्षतिग्रस्त हुनुले नेपालको जलविद्युतमा आधारित अर्थनीतिलाई गम्भीर चुनौती दिएको छ ।

प्रगतिको पाटोः सडकदेखि भान्सासम्मको परिवर्तन

प्राकृतिक विपद् र जोखिमका बीच पनि नेपालमा आन्तरिक खपतको परिदृश्य भने दिनानुदिन सकारात्मक बन्दै गएको छ । सडकतिर नजर घुमाउँदा यो परिवर्तनको प्रत्यक्ष अनुभूति गर्न सकिन्छ । पेट्रोल र डिजेलका धुवाँ फाल्ने पुराना गाडीहरुलाई पछि पार्दै विद्युतीय सवारीसाधनहरुले नेपाली सडकहरुमा राज गर्न थालेका छन् । हाल नयाँ किन्ने साधनहरुमा ठूलो हिस्सा विद्युतीय गाडीकै छ, जसले पेट्रोलियम पदार्थको आयातमा बाहिरिने गरेको अर्बौं रूपैयाँको विदेशी मुद्रा जोगाउन ठूलो टेवा पुर्याएको छ ।

त्यस्तै, बर्सेनि ५६ अर्ब रुपैयाँभन्दा बढीको एलपीजी ग्यास किनेर विदेशमा पैसा पठाइरहेको तीतो यथार्थलाई चिर्दै प्रत्येक नेपालीको भान्सामा इन्डक्सन चुल्हो बाल्ने क्रम तीव्र रुपमा बढेको छ । यसले एकातिर ग्यास आयातबापतको ठूलो धन विदेशिनबाट रोक्छ भने अर्कोतिर घरभित्रको धुवाँबाट हुने विभिन्न स्वास्थ्य समस्याहरुलाई समेत न्यूनीकरण गर्न सहयोग पुर्याउँछ ।

यद्यपि, ऊर्जा विज्ञहरुको तर्क भने फरक छ । बिजुली बाहिर काँचै बेचेर वा केवल निर्यातलाई मात्र सर्वस्व ठानेर कुनै पनि देश दिगो रुपमा धनी बनेको इतिहास छैन । अर्कोतर्फ, कूटनीतिक र व्यापारिक उल्झनहरु पनि उत्तिकै जटिल छन् । भारतले नेपालका खोलाहरुमा आफ्नै लगानीका परियोजनाहरु अघि बढाएको छ भने चिनियाँ लगानी वा संलग्नता भएका आयोजनाको बिजुली नकिन्ने अनेक शर्तहरु अघि सारेको छ । यस्तो अवस्थामा, सोचेजति सजिलै र विनाअवरोध ठूलो परिमाणमा बाहिर बिजुली पठाउन कूटनीतिक र प्राविधिक दुवै चुनौतीहरु कायम छन् ।

नेपालको वास्तविक मुक्ति र समृद्धिको बाटो के हो त ?

यसको उत्तर हाम्रै उद्योग, कृषि र प्रविधि क्षेत्रको आन्तरिक विकासभित्र लुकेको छ । जलविद्युत्लाई केवल निर्यातको वस्तुमात्र नबनाई देशभित्रै औद्योगिक मूल्य अभिवृद्धि गर्ने, ठूला डेटा सेन्टरहरु स्थापना गर्ने, सूचना प्रविधि पूर्वाधारहरुमा लगाउने तथा गाउँदेखि सहरसम्म भरपर्दो र निरन्तर विद्युत् वितरण प्रणाली पुर्याउने हो भने आन्तरिक खपत आफैंले चमत्कारिक रुप लिन सक्छ ।

हालै सरकारले अघि बढाएको 'ऊर्जा विकास मार्गचित्र' ले सन् २०३५ सम्ममा २८,५०० मेगावाट उत्पादन गर्ने लक्ष्य राख्दै आन्तरिक खपतलाई प्रतिव्यक्ति १५०० युनिटसम्म पुर्याउने सन्तुलित दृष्टिकोण अघि सार्नु एक सकारात्मक कदम हो । कच्चा ऊर्जा बेच्नुभन्दा देशभित्रै सिमेन्ट, छड, रासायनिक मल कारखाना र घरेलु उद्योगहरु सञ्चालन गर्न बिजुली प्रयोग गरियो भने यसले हजारौं रोजगारी सिर्जना गर्नुका साथै निर्यातयोग्य वस्तुको उत्पादनमा वृद्धि गर्छ ।

निष्कर्ष

छिमेकी बजारमा ऊर्जा बेचेर विदेशी मुद्रा आर्जन गर्नु र क्षेत्रीय बजारमा जोडिनु नेपालका लागि स्वागतयोग्य कदम हो । तर, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट पाठ सिकेर जलविद्युत् संरचनाहरुलाई जलवायु(अनुकूल, थप लचिलो र सुरक्षित बनाउनु अब अनिवार्य भइसकेको छ । सम्भावित जोखिम न्यूनीकरणका लागि नदी क्षेत्रको सूक्ष्म अध्ययन र पूर्वसूचना प्रणालीको विकास गर्नु उत्तिकै आवश्यक छ ।

जबसम्म हामीसँग भएका आन्तरिक प्रसारण लाइन र वितरण प्रणालीहरु भरपर्दो बन्दैनन्, तबसम्म जतिसुकै ठूला कागजी लक्ष्यहरु तय गरे पनि नागरिकले त्यसको सही लाभ पाउने छैनन् । त्यसैले, खोलाको पानी बगेर वा बाढीले बगाएर खेर जान नदिई त्यसको वास्तविक स्वामित्व, बलियो सुरक्षा प्रबन्ध र प्रशस्त आन्तरिक उपयोग गर्न सकिएमा मात्र 'बिजुलीले नेपाल बदल्ने' सपनाले वास्तविक रुप लिन सक्नेछ । बिजुली केवल बेच्ने वस्तु मात्र नभई नेपालको समग्र अर्थतन्त्र र जीवस्तर बदल्ने प्रमुख उत्प्रेरक बन्नुपर्छ ।

रोचक जानकारी

- कसैले सोध्यो "जीवन के हो ? " अति उत्तम उत्तर ,जब मान्छेले जन्म लिन्छ उसित सास त हुन्छ तर कुनै नाम हुदैन र
- जब मान्छेको मृत्यु हुन्छ तब उसित नाम त हुन्छ तर सास हुदैन । यही सास र नामको बिचको यात्रालाइ जीवन भनिन्छ ।
- हजारौ युद्धहरु जित्नुभन्दा महत्वपूर्ण कुरा हो, आफैलाई चिन्नु । यही नै तिम्रो विजय हो । यसलाई तिमीबाट खोस्न सकिदैन न त परीद्वारा न त प्रेतद्वारा ।
- हामी त्यँही बन्छौं जुन कुरा लगातार गर्दै रहन्छौ । त्यसैले कामले हैन, काम गर्ने बानीले हामीलाई महानताको चुचुरोमा पुर्याउँछ ।
- मनमा रिस पालिरहुन भनेको अर्कामाथि फ्याक्ने उद्येश्यले आगोको कोइला हातमा लिनुजस्तो हो, आखिर जल्ने त तिमी आफै हो ।
- यदि तपाईसँग मीठो भोक र गहिरो निद्रा छ भने सम्झिनुहोस तपाई सबसे धनी व्यक्ति हो ।
- तिम्रो सफलताको बाधक तिम्रो सफलताको बाधक धन होइन, किनभने चार्ली च्याप्लीन देखि लिएर मोजार्ट, रकेफेलर गरिब थिए ।
- तिम्रो सफलताको बाधक विद्यालयी शिक्षा होइन,किनभने थोमस एडीसन, मेक्सिम गोर्की, एन्ड्रयु कारनेगी विद्यालय नै गएका थिएनन् ।
- तिम्रो सफलताको बाधक परिवारको साथ नहुनु होइन, किनभने अब्दुल कलाम, हेनरिक इब्सन परिवाराट टाढीनुपरेको थियो ।
- तिम्रो सफलताको बाधक शारीरिक असक्षमता होइन, स्टेफन हकिङ, होमर, जोन मिल्टन, झमक घिमीरे सबै अपांग थिए ।
- तिम्रो सफलताको बाधक कसैको सहयोग नपाउनु होइन, किनभने वाल्ट डिज्नी, मेक्सिम गोर्की, क्रिष्टफोर कोलम्बसलाई सबैले सहयोग गर्न अस्विकार गरेका थिए ।
- तिम्रो सफलताको बाधक बारम्बारको असफलता होइन एडिसन, अब्राहम लिंकन, क्युरी दम्पती अमिताभ बच्चन बारम्बार असफलभएका थिए ।

सामाजिक सञ्जाल

निर्वाचित सरकारलाई पूरा कार्यकाल काम गर्न दिऊँ : बाबुराम भट्टराई

दमक/ पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले निर्वाचित सरकारलाई संविधानको परिधिभित्र रहेर पूरा कार्यकाल काम गर्न दिनुपर्ने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै भट्टराईले प्रमुख राष्ट्रिय चाडपर्व सकिएलगत्तै देशमा आन्दोलन र सरकार परिवर्तनको चर्चा सुरू हुनु विडम्बनापूर्ण र चिन्ताजनक रहेको बताएका हुन् ।

उनले निर्वाचन सम्पन्न भएको केही दिनदेखि नै सरकार फेर्ने वा ढाल्ने चर्चा गर्नु देशलाई अनिश्चिततातर्फ धकेल्ने काम भएको टिप्पणी गरेका छन् ।

'निर्वाचित सरकारलाई संविधानको परिधिभित्र रहेसम्म आ ्नो पूरा अवधि काम गर्न दिऊँ ! काम नगरे वा विगारे अर्को चुनावबाट बिदा गरौं !' भट्टराईले लेखेका छन् ।

उनले विगतमा पटकपटक सरकार परिवर्तन हुँदा त्यसका दुष्परिणाम देखिसकिएको उल्लेख गर्दै पुनः त्यही प्रवृत्ति दोहोर्याउनु देशको अर्थतन्त्र, राजनीतिक स्थिरता र राष्ट्रिय हितका लागि घातक हुने बताएका छन् ।

भट्टराईले सरकार परिवर्तनको निरन्तर चर्चाले देशलाई अनिश्चितताको भुमरीमा फसाउने, अर्थतन्त्र कमजोर बनाउने, युवालाई विदेश पलायन हुन बाध्य पार्ने र देशलाई

भूराजनीतिक जोखिममा पार्ने चेतावनी दिएका छन् ।

उनले बहुदलीय लोकतन्त्रमा सत्तापक्ष र प्रतिपक्षबीच प्रतिस्पर्धा, सहकार्य तथा सदन र सडकमा आलोचना-प्रत्यालोचना हुनु स्वाभाविक र आवश्यक रहेको बताएका छन् । सरकार र राज्यका विभिन्न निकायलाई निरन्तर खबरदारी गर्नुपर्नेमा जोड दिंदै भट्टराईले विपत्तिमा परेका, ऐतिहासिक रुपमा वञ्चितीकरणमा परेका तथा गरिब र निमुखा जनताको आवाज सत्तामा रहेकाहरूले सुनिरहेको सुनिश्चित गर्नुपर्ने बताएका छन् ।

सत्तामा रहेकाहरूले जनताको आवाज नसुने विधिसम्मत ढंगले दण्डित गर्ने वा पदबाट हटाउने प्रक्रिया अपनाउनुपर्ने उनको भनाइ छ ।

कहिले कहिले भयो शिक्षा नियमावली संशोधन ?

दमक/ २०५९ जेठ १६ गते नेपाल राजपत्रमा प्रकाशित भई लागु भएको 'शिक्षा नियमावली, २०५९' लाई समयानुकूल परिमार्जन गर्न हालसम्म १० पटक संशोधन गरिएको छ ।

मूल नियमावली जारी भएपश्चात शिक्षा क्षेत्रका नीतिगत, व्यवस्थापकीय तथा कानुनी आवश्यकताहरूलाई सम्बोधन गर्दै यसमा थुप्रै संशोधनहरु भएका छन् । नियमावलीको पहिलो संशोधन २०६० साल असार २४ गते र दोस्रो संशोधन सोही वर्षको पुस १६ गते भएको थियो ।

त्यसैगरी, तेस्रो संशोधन २०६२ जेठ २५ गते, चौथो संशोधन २०६६ भदौ १७ गते, पाँचौं संशोधन २०६७ भदौ २१ गते र छैठौं संशोधन २०६७ माघ ९ गते गरिएको देखिन्छ ।

त्यसपछिका वर्षहरूमा पनि शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाउन यस नियमावलीमा संशोधन गर्ने क्रम निरन्तर जारी रह्यो ।

यसैक्रममा, २०६९ पुस २३ गते सातौं, २०७१ वैशाख २९ गते आठौं र २०७७ फागुन ३ गते नवौं संशोधन गरिएको थियो । पछिल्लोपटक शिक्षा नियमावलीमा १०औँ संशोधन भई २०८३ साल असार २५ गते नेपाल राजपत्रमा प्रकाशित भएको छ ।

मोरङमा मृत घोषणा गरी अन्त्येष्टि गरिएका व्यक्ति घर फर्किएपछि....

✍ विष्णु सुब्बा

दमक । सवारी दुर्घटनामा घाइते भई उपचारका क्रममा मृत्यु भएको ठानेर परिवारले अन्त्येष्टि गरेका मोरङको लेटाङका एक व्यक्ति ६ महिनापछि घर फर्किएका छन् ।

लेटाङ नगरपालिका–५ खेरूवाका ३७ वर्षीय पदमबहादुर राय जीवितै घर फर्किएपछि परिवार, छरछिमेक, प्रहरी र अस्पतालका चिकित्सकसमेत आश्चर्यमा परेका छन् ।

पदमबहादुरको गत जेठ २७ गते मृत्यु भएको ठानेर परिवारले अन्त्येष्टि गरेको थियो । तर, अहिले उनी जीवितै घर फर्किएपछि दुर्घटनामा मृत्यु भएका भनिएका व्यक्तिको वास्तविक पहिचानबारे समेत प्रश्न उठेको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक कबित कटुवालका अनुसार २०८३ जेठ २६ गते बिहान साढे ८ बजे सुनसरीको बराहक्षेत्र नगरपालिका–४ स्थित चतरा–पकली सडकखण्डमा मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिएको थियो । दुर्घटनामा गम्भीर घाइते भएका ती व्यक्तिलाई उपचारका लागि विराट टिचिङ अस्पताल, बुढीगंगा लगिएको थियो ।

उपचारका क्रममा घाइतेको मृत्यु भएपछि शव कोशी अस्पतालको शवगृहमा राखिएको थियो । मृतकको पहिचान खुल्न नसकेपछि प्रहरीले आफन्तलाई सम्पर्कमा आउन सार्वजनिक सूचना जारी गरेको थियो । त्यसपछि पदमबहादुरकी आमाले शव आफ्नै छोरा भएको भन्दै सनाखत गरेकी थिइन् । प्रहरीले आवश्यक कागजी प्रक्रिया पूरा गरी शव परिवारलाई बुझाएको थियो ।

परिवारले अन्त्येष्टि गरेपछि दुर्घटना बीमाबापतको रकमसमेत प्राप्त गरिसकेको थियो । तर, मृतक भनिएका पदमबहादुर नै जीवितै घर फर्किएपछि प्रहरी र अस्पताललाई घटनाको पुनः अनुसन्धान गर्नुपर्ने अवस्था आएको छ ।

घटनापछि बिहीबार परिवारलाई कोशी अस्पताल बोलाइएको छ । अब शव सनाखत गर्दाका कागजात फिर्ता लिने तथा दुर्घटनामा वास्तवमै मृत्यु भएका व्यक्तिको पहिचान खुलाउने प्रक्रिया अघि बढाउनुपर्ने भएको छ । प्रहरीले शवको तस्बिर र भिडियोका आधारमा मृतकको पहिचान गर्ने प्रयास गर्ने जनाएको छ । बीमाबापत प्राप्त रकमसमेत सम्बन्धित बीमा कम्पनीलाई फिर्ता गर्ने प्रक्रिया अघि बढाउनुपर्ने देखिएको छ ।

घटनाबारे बुझ्न पदमबहादुरको घर पुगेका इलाका प्रहरी कार्यालय लेटाङका प्रहरी निरीक्षक सागर साहले आमाले सनाखत गरेपछि सबैले त्यसैलाई आधार मानेको बताए । उनका अनुसार परिवारमा पदमबहादुर जीवितै फर्किएको खुसीसँगै घटनाले उत्पन्न गराएको अन्योल पनि देखिएको छ ।

प्रहरी निरीक्षक साहका अनुसार पदमबहादुरको विवाहपछि श्रीमतीले छाडेर गएकी थिइन् । त्यसपछि उनको मानसिक अवस्था थप कमजोर हुँदै गएको र उनी घर छाडेर हिँड्ने गरेको बताइएको छ । उनी २०८२ माघदेखि घरबाहिर रहेका थिए । घर छाडेर हिँड्दा आफन्तलाई जानकारी नभएकाले उनी कहाँ छन् भन्ने परिवारलाई थाहा थिएन ।

आफ्नै छोराजस्तो देखिएकाले आमाले शवको सनाखत गरेको हुन सक्ने प्रहरी निरीक्षक साहले बताए । पदमबहादुर जीवितै फर्किएपछि दुर्घटनामा मृत्यु भएका भनिएका व्यक्तिको पहिचान कसरी गलत भयो भन्ने विषयमा अब प्रहरीले थप अनुसन्धान गर्नुपर्ने भएको छ ।

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक–८, झापा

विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।

साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।

नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।

प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३–५८३१४७

कविता

युगवृक्ष

✍ लीलाम्बर ढुंगाना

युगमा युगको वृक्ष मुटुभित्रै अटाउँछु
युगमा युगको श्वास युगबाटै पठाउँछु ।

पातै (पात पलाएर मौनतामा रमाउँछु
जरा(जरा धराभित्रै ओस आफै समाउँछु ॥

हाँगा (हाँगै समाएर पात(पातै डुलैं म त
युगमा युगको धर्सा युगभित्रै फुलैं म त ।

हात(हात समाएर युग बोल्छु युगैभरि
ओठ(ओठ जुधाएको जस्तै हुँ कोइली चरी ॥

लाही, औंसा किरा मार्दै ग्रीष्ममा पनि फुल्दछु
बादलमा हँसाएर तप्केनी पनि भुल्दछु ॥

हुन्डरीका हुरी लाखौं ज्वारबाट चले पनि
मोहमा झुल्लरी खेल्दै डग्नु छैन कतै रति ॥

आँधी, बादलका झड्का युगभित्रै उठे पनि
झुक्दैन शिरको खम्बा युग प्वाट्टै फुटे पनि ॥

सुन(सागरका थुम्का शिरबाटै झरे पनि
भत्कन्न युगको बोली स्वर(गंगा मरे पनि ॥

युगमा युगको वृक्ष युगवेत्ता अटाउँने
मै हुँ मानवका निम्ति कर्म क्षेत्र खटाउने ।

स्वादकै बासकै निम्ति बाज गिद्द चहार्दछन्
तर सागरका ढुङ्गा कोल्टे फेर्दै लगार्दछन् ॥

घाटमा रोगको श्वास फेरिँदैन घरीघरी
निरोगी फुलका गुच्छा बास बस्छन् सयौंथरी ॥
(छन्द: अनुष्टुप)

कोशीमा सरकारी कामकाजको भाषा ऐन प्रमाणिकरण

विराटनगर/ कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ्ले 'कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' प्रमाणीकरण गरेका छन् । प्रदेश सभाबाट पारित भई आएको उक्त विधेयकलाई प्रदेश प्रमुख खापुङ्ले नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम बुधबार प्रमाणीकरण गरेका छन् ।

विधेयक प्रमाणीकरण भएसँगै प्रदेशमा सरकारी कामकाजका लागि राष्ट्रिय भाषा नेपालीका अतिरिक्त अन्य १३ वटा राष्ट्रभाषाहरु प्रयोगमा ल्याउने कानुनी बाटो खुलेको छ। प्रमाणीकरण भएको यो ऐन अब प्रदेश राजपत्रमा प्रकाशन भएपछि औपचारिक रुपमा कार्यान्वयनमा आउनेछ ।

नयाँ कानुनी व्यवस्थाअनुसार प्रदेशभित्र एक प्रतिशतभन्दा बढी जनसत्त्याले बोल्ने मातृभाषाहरु सरकारी कामकाजमा प्रयोग हुन पाउनेछन्। जसअनुसार नेपालीका अलावा मैथिली, लिम्बू, थारु, तामाङ, मगर, बान्तवा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सन्थाली गरी १३ वटा राष्ट्रभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

प्रदेश प्रमुखको कार्यालयका उपसचिव अभय कुमार गुप्ताद्वारा जारी विज्ञप्तिअनुसार संवैधानिक प्रक्रिया पूरा गरी विधेयक प्रमाणीकरण गरिएको हो। ऐन राजपत्रमा प्रकाशित भई लागू भएपछि सम्बन्धित भाषिक समुदायले सरकारी कार्यालयहरुमा आफ्नै मातृभाषामा सेवा लिन तथा कामकाज गर्न पाउनेछन ।

मनोरञ्जन

एउटा चलचित्रलाई ९५ लाखसम्म अनुदान दिने सरकारको तयारी

दमक/ नेपाली मौलिकता, संस्कृति, इतिहास र राष्ट्रिय पहिचान झल्किने चलचित्र निर्माणलाई प्रोत्साहन गर्न सरकारले साढे तीन करोड रूपैयाँसम्म अनुदान दिने भएको छ । सूचना तथा सञ्चार मन्त्रालयले सूचना जारी गर्दै इच्छुक व्यक्ति तथा संस्थालाई २१ दिनभित्र आवेदन पेस गर्न आह्वान गरेको छ । सरकारले सांस्कृतिक तथा राष्ट्रिय महत्वका क्षेत्रमा आधारित चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्तो अनुदान कार्यक्रम ल्याएको हो ।

हालै स्वीकृत 'सांस्कृतिक तथा राष्ट्रिय महत्त्वका क्षेत्रमा चलचित्र निर्माणका लागि प्रोत्साहन अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८३' अनुसार चलचित्रको पटकथा लेखन, निर्माण र निर्माणपछिको सम्पादन तथा प्राविधिक कामका लागि छुट्टाछुट्टै अनुदान उपलब्ध गराइनेछ । यस कार्यक्रमअन्तर्गत एउटा चलचित्रले तीनवटै विधामा गरी अधिकतम ९५ लाख रूपैयाँसम्म अनुदान प्राप्त गर्न सक्नेछ ।

सरकारले पटकथा लेखनका लागि बढीमा पाँचवटा चलचित्र छनोट गरी प्रतिचलचित्र पाँच लाख रूपैयाँसम्म उपलब्ध गराउनेछ । त्यसैगरी, चलचित्र निर्माण अर्थात् प्रोडक्सनतर्फ तीनवटा चलचित्रलाई प्रतिचलचित्र ७० लाख रूपैयाँसम्म र पोस्ट प्रोडक्सनतर्फ पाँचवटा चलचित्रलाई प्रतिचलचित्र २० लाख रूपैयाँसम्म अनुदान दिइनेछ । यसरी तीनवटै चरणमा छनोट हुने चलचित्रले कुल ९५ लाख रूपैयाँसम्म प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।

सरकारले अनुदान दिने चलचित्रको विषयवस्तुमा मौलिकता, सिर्जनशीलता र राष्ट्रिय महत्त्वलाई प्राथमिकता दिएको छ । मुलुकको इतिहास, संस्कृति, पर्यटन, रहनसहन, सामाजिक सद्भाव, राष्ट्रिय एकता र सार्वभौमसत्ताको महत्त्व उजागर गर्ने कथा अनुदानका लागि योग्य हुनेछन् । नेपाली समाजको मौलिक जीवनशैली, स्थानीय भाषा, कला, परम्परा र सांस्कृतिक विविधतालाई चलचित्रको माध्यमबाट प्रस्तुत गर्न सक्ने सिर्जनाकर्मीले यसबाट लाभ लिन सक्नेछन् ।

अनुदान प्राप्त गर्ने चलचित्रको कथा मौलिक र पृथक् हुनुपर्नेछ । चलचित्रको पूर्ण पटकथा, संवाद तथा स्क्रिप्ट नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयमा दर्ता भएको हुनुपर्नेछ । त्यस्तै, चलचित्र फोरके प्रविधिको क्यामेराबाट छायांकन गरिएको र अवधि ९० मिनेटसम्मको हुनुपर्ने व्यवस्था गरिएको छ । अनुदान रकम अन्य उपकरण वा सामग्री खरिदमा खर्च गर्न पाइने छैन भने कृत्रिम बुद्धिमत्ता ९एआई० प्रयोग गरी चलचित्र निर्माण गर्नसमेत नपाइने सर्त राखिएको छ ।

आवेदन दिन चाहने नेपाली नागरिकले मन्त्रालयले तोकेको ढाँचामा नागरिकताको प्रतिलिपि, चलचित्रको कथा, पटकथा र संवादसहितको पूर्ण स्क्रिप्ट तथा डिजिटल प्रति बुझाउनुपर्नेछ । प्रोडक्सन र पोस्ट प्रोडक्सनका लागि चलचित्र विकास बोर्डबाट निर्माण अनुमति, विस्तृत कार्ययोजना र अनुमानित बजेट विवरणसमेत पेस गर्नुपर्नेछ । सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र मन्त्रालयमा आवेदन बुझाउनुपर्नेछ ।

आवेदन मूल्यांकन तथा छनोटका लागि सञ्चार मन्त्रालयका सहसचिवको संयोजकत्वमा समिति गठन गरिएको छ । समितिको सिफारिसमा छनोट भएका आवेदकलाई सुरूमा स्वीकृत अनुदान रकमको २० प्रतिशत अग्रिम उपलब्ध गराइनेछ । बाँकी रकम भने कार्यप्रगति, तोकिएका सर्त र चलचित्र विकास बोर्डको सिफारिसका आधारमा किस्ताबन्दीमा उपलब्ध गराइने व्यवस्था छ ।

नेपाली चलचित्रमा पछिल्लो समय विदेशी कथावस्तु र आधुनिक प्रविधिको प्रभाव बढिरहेका बेला सरकारले मौलिक कथा, संस्कृति र राष्ट्रिय पहिचानमा आधारित चलचित्रलाई आर्थिक सहयोग गर्ने कार्यक्रम ल्याएको हो । यसले विशेषगरी स्थानीय कथा, भाषा, भेषभूषा, जातीय संस्कृति, ऐतिहासिक घटना र पर्यटकीय गन्तव्यलाई चलचित्रमा समेट्न चाहने सर्जकलाई अवसर दिने अपेक्षा गरिएको छ । तर अनुदान वितरणमा पारदर्शिता, छनोटमा सिर्जनात्मक गुणस्तर र रकमको प्रभावकारी उपयोग सुनिश्चित गर्नु कार्यक्रमको महत्वपूर्ण पक्ष हुनेछ ।

आज मिति
२०८३ साल
कात्तिक १४ गते
शनिबार
31 Oct. 2026
तिथि: षष्ठी

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	पराक्रम बढ्ने । भाईबैनीको प्रगती ।
वृष	इ उ ए ओ वा वि वु वे वो	पढाईमा केही समस्या । व्यवसायबाट लाभ ।
मिथुन	का कि कु घ ङ छ के को	मनमा केही गरौं भन्ने उत्साह । व्यापारबाट लाभ ।
कर्कट	चु चे लो ला लि लँ ले लो अ	खर्च बढ्ने । अनावश्यक भ्रमण ।
सिंह	मा मि मु मे मो टा टि टु टे	धनलाभ । कार्यमा प्रगति ।
कन्या	टो प पी पँ ष ण ठ पे पो	रोजगारीको अवसर । लेखन कार्यमा रुचि ।
तुला	हि हु हे हो डा डि डु डे डो	कार्यमा बाधा । शुभकार्यमा रसीक ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	शरिरमा सामान्य समस्या । खर्च बढ्ने ।
धनु	य यो भा भी भ धा फा ढ	जीवनसाथीको सहयोग । व्यवसायबाट लाभ ।
मकर	भो जा जी खि खू खे खो गा गी	खेलकुदमा रुचि । मामाको सहयोग ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	कार्यमा रोकावट । मनभक्त मार्गमा लाग्ने ।
मीन	दि दु थ झ ञ दे दो चा ची	मित्रबाट सहयोग । सामान्य धन लाभ ।

कांग्रेसले 'तयार छौँ' अभियान सञ्चालन गर्ने

दमक/ नेपाली कांग्रेसले महाधिवेशनबाट पारित नीति तथा कार्यक्रम नागरिकसम्म पुऱ्याउन आगामी मङ्सिर महिनाभर 'तयार छौँ' अभियान सञ्चालन गर्ने भएको छ ।

नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा बिहीबार केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै सभापति गगनकुमार थापाले नागरिकका समस्या सम्बोधन गर्न र पार्टीलाई जिम्मेवारीपूर्वक अघि बढाउन अभियान सञ्चालन गर्ने प्रस्ताव गरेका हुन् । 'कांग्रेसलाई देशका राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक समस्या समाधानका लागि तयार रहेको पार्टीका रूपमा नागरिकमाझ प्रस्तुत गर्नुपर्नेछ । महाधिवेशनमा भएका समीक्षा र आत्मालोचनाको चरण पूरा भएकाले अब परिणाममुखी काममा केन्द्रित हुनुपर्नेछ,' उनले भने ।

उनले पार्टीका पारित नीतिगत तथा सांगठनिक प्रस्तावलाई दस्तावेजीकरण गरी केन्द्रीय कार्यालयमार्फत तल्लो तहसम्म पुर्याइने जानकारी दिए । महाधिवेशनबाट पारित प्रस्तावलाई पूर्णता दिन आवश्यक सुझाव, संशोधन र थप विषय केन्द्रीय कार्यालयमा उपलब्ध गराउन उहाँले पार्टीका नेता तथा कार्यकर्तालाई आग्रह गरे ।

कोशी ब्यारेजको विकल्पमा नयाँ पुल

सुनसरी/ कोशी ब्यारेज पुरानो हुँदै गएको र त्यस क्षेत्रमा सवारी चाप बढ्दै गएकाले वैकल्पिक पुल तथा सडक निर्माणको योजना अघि बढाइएको छ । सुनसरी र सप्तरी जोड्ने कोशी ब्यारेजको विकल्पका रुपमा कञ्चनपुरदेखि राजाबाससम्म तीन किलोमिटर लामो नयाँ पुल निर्माणको तयारी अघि बढाइएको हो । एसियाली विकास बैंकको सहयोगमा बन्ने प्रस्तावित पुल र सडक संरचनाको अनुमानित लागत ४३ अर्ब रूपैयाँ रहेको छ ।

सडक विभाग आयोजना निर्देशनालयका निर्देशक चुडाराज ढकालका अनुसार केही वर्षअघि तयार पारिएको विस्तृत परियोजना प्रतिवेदनका आधारमा निर्माण प्रक्रिया अघि बढाउन लागिएको हो। नयाँ पुल सञ्चालनमा आएपछि पूर्व-पश्चिम राजमार्गको दूरी १४ किलोमिटरले छोटिनेछ ।

पुलसँगै उक्त परियोजनाअन्तर्गत ४३ किलोमिटर नयाँ सडकसमेत निर्माण गरिनेछ । अहिले पुल तथा सडक निर्माणका लागि आवश्यक प्राविधिक तयारी र प्रक्रियागत काम भइरहेको निर्देशक ढकालले जानकारी दिए ।

अन्तर्राष्ट्रिय

भुटानमा हिमताल फुट्यो

एजेन्सी/ हिमाली राष्ट्र भुटानको गार्सा जिल्लास्थित शिंताफू हिमताल फुटेको छ । हिमताल फुटेर बाढी आएपछि चर्चित पर्यटकीय स्थल गार्सा ताछाचुको प्राकृतिक तातोपानी मुहान क्षेत्रका भौतिक पूर्वाधारहरु बगाएको हो । भुटानको सरकारी सञ्चारमाध्यम बीबीएसका अनुसार घटनामा कुनै मानवीय क्षति वा कोही घाइते भएको खबर भने छैन ।

भूटानको उत्तरी भेगमा अवस्थित तातोपानी मुहान देशकै प्रमुख पर्यटकीय आकर्षण मानिन्छ। अबेर राति आएको बाढीको तीव्र बहाव र अँध्यारोका कारण क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको समाचारमा उल्लेख छ । यद्यपि, दुईवटा बेलिब्रिज बाढीले बगाएको आशंका गरिएको छ ।

भूटानको राष्ट्रिय समाचारपत्र 'कुएनसेल'का अनुसार तातोपानी मुहानतर्फ जाने लाया गाउँको सडकको केही भाग बगेपछि सो मार्ग पूर्ण रूपमा अवरूद्ध भएको छ र अनिश्चितकालका लागि बन्द गरिएको छ । बाढी पुग्नुअघि नै सो क्षेत्रका बासिन्दा तथा पर्यटकहरूलाई सुरक्षित स्थानमा सारिएको थियो । हिमताल फुटेर मो छू नदी हुँदै संकोश नदीतर्फ ठूलो परिमाणमा पानीको बहाव बढेपछि भारतको पश्चिम बंगाल राज्य प्रशासनले उत्तर बंगालका क्षेत्रहरूमा उच्च सतर्कता जारी गरेको छ ।

दार्जिलिङ पहाड, तराई र डुवर्स क्षेत्रका बासिन्दाहरूलाई सजग रहन भनिएको छ । दार्जिलिङका सांसद राजु बिस्टले संकोश नदी र यसका सहायक नदी किनारका बासिन्दाहरूलाई तुरुन्तै सुरक्षित स्थानमा सर्न अपिल गरेका हुन् ।

झापामा.....चार हजार ४४८ जनाको नागरिकताको प्रतिलिपि वितरण, तीन हजार १३९ जनाको राहदानी वितरण र पाँच हजार ७३६ जनाको राहदानी सिफारिस गरिएको त्रैमासिक प्रगति प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनका अनुसार नागरिकताको वंशजतर्फ तीन हजार ५३५ वटा, वैवाहिक अङ्गीकृततर्फ १८० वटा, अङ्गीकृत ४६ वटा, गैरआवासीय १६ वटा र जन्मसिद्ध आधारमा एउटा नागरिकता वितरण भएको छ । सर्वसाधारणलाई छिटो, छरितो र सरल ढङ्गले सेवा प्रदान गर्नका लागि जिल्ला प्रशासन कार्यालयले फेसलेस सेवा र शून्य बाँकी आवेदन अभियान सञ्चालन गरिरहेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए ।

राहदानी र राष्ट्रिय परिचयपत्रका लागि अग्रिम आवेदन दिएर लामो अवधिदेखि प्रतीक्षामा रहेका सेवाग्राहीलाई बिहानैदेखि र बिदाका दिन सेवा दिएर पुराना आवेदनलाई शून्यमा झारिएको छ । हाल आजको आजै आवेदन दिने र बायोमेट्रिक गर्ने सुविधा उपलब्ध रहेको पोखरेलले जानकारी दिए ।

खेलकुद

एनपिएलमा शनिबार दुई खेल हुँदै

दमक/ नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणअन्तर्गत शुक्रबार कुनै पनि खेल भएन । नेपाल क्रिकेट संघ (क्यान)ले प्रतियोगिताको तालिकाअनुसार एक दिनका लागि विश्राम दिएको हो ।

शनिबार भने कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा दुई खेल सञ्चालन हुनेछन् । शनिबारको पहिलो खेलमा लुम्बिनी लायन्स र चितवन राइनोजबिच प्रतिस्पर्धा हुनेछ । यी दुई टोलीबिचको खेल दिउँसो १२:३० बजे सुरु हुनेछ ।

त्यस्तै, शनिबारकै दोस्रो खेलमा सुदूरपश्चिम रोयल्स र विराटनगर किङ्स आमने-सामने हुनेछन् । दोस्रो खेल साँझ ५ बजे सुरु हुने तालिका छ ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

CASH BACK OFFER
RS. 100 -5000
9842645136

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

दिमकमा...अन्कोलोजिस्ट डा. उपेश शर्माले स्तन क्यान्सरको पहिचान, रोकथाम, समयमै परीक्षण र उपचारका विषयमा जानकारीमूलक प्रस्तुति दिएका थिए । उनले स्तन क्यान्सरको प्रारम्भिक पहिचान तथा समयमै उपचारको महत्वबारे सहभागीलाई जानकारी गराएका थिए । कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख थापाले स्तन क्यान्सरजस्तो गम्भीर स्वास्थ्य समस्याबारे समाजमा सचेतना फैलाउन आवश्यक रहेको बताए । उनले रोग लागेपछि मात्र उपचार खोज्नेभन्दा समयमै परीक्षण गर्ने बानी विकास गर्नुपर्नेमा जोड दिए ।

त्यस्तै, उपप्रमुख प्रसाईंले महिलाहरूले आफ्नो स्वास्थ्यप्रति विशेष ध्यान दिनुपर्ने बताइन् । लाज, डर र संकोचका कारण स्वास्थ्य परीक्षण नगराउने प्रवृत्ति हटाउँदै नियमित परीक्षण र आत्मपरीक्षणमा जोड दिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा १५ जनाभन्दा बढी स्तन क्यान्सर विजेतालाई उनीहरूको साहस, संघर्ष र जीवनप्रतिको सकारात्मक दृष्टिकोणको सम्मानस्वरूप सम्मान गरिएको थियो ।

हरेक वर्ष अक्टोबर महिनालाई विश्वभर स्तन क्यान्सर सचेतना महिनाका रूपमा मनाइन्छ । गुलाबी रङलाई प्रतीक बनाएर सञ्चालन गरिने 'पिंक अक्टोबर' अभियानले स्तन क्यान्सरको प्रारम्भिक पहिचान, नियमित परीक्षण र उपचारको महत्वबारे जनचेतना फैलाउँदै आएको छ । कार्यक्रममा दमकका १० वटै वडाका महिलाहरूको सहभागिता रहेको स्वास्थ्य स्वयंसेविका कमला पौडेलले बताईन ।

तिहार.....बाँकी माग व्यवस्थापन गर्न स्थानीय तथा ग्रामीण क्षेत्रबाट उत्पादित फूल बजारसम्म पुऱ्याउने र आवश्यक परे अपुग फूलको व्यवस्थापन गरिने उनले बताए । श्रेष्ठका अनुसार यस वर्षको तिहारमा करिब २० हजार गोदावरीका माला खपत हुने अनुमान छ । गोदावरी मालाको औसत थोक मूल्य प्रतिमाला करिब एक हजार २०० रुपैयाँ रहने अनुमान गरिएको छ। यसअनुसार गोदावरी मालाबाट करिब दुई करोड ४० लाख रुपैयाँको कारोबार हुने अपेक्षा छ ।

त्यस्तै, विभिन्न फूल समावेश गरी तयार गरिने मिक्स माला करिब ६० हजारवटा खपत हुने अनुमान गरिएको छ। यसको औसत थोक मूल्य प्रतिमाला करिब ४०० रुपैयाँ कायम हुँदा मिक्स मालाबाट दुई करोड ४० लाख रुपैयाँ बराबरको कारोबार हुने अनुमान छ। सयपत्री मालाको औसत थोक मूल्य प्रतिमाला ९० रुपैयाँ रहने अनुमान गरिएको छ। यसअनुसार ४५ लाख माला बिक्री हुँदा ४० करोड ५० लाख रुपैयाँ बराबरको कारोबार हुनेछ।

मखमली, गोदावरी र मिक्स मालाको कारोबारसमेत जोड्दा यस वर्षको तिहारमा फूलका मालाबाट हुने कुल कारोबार करिब ४८ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ। मखमली फूलका हकमा यस वर्ष तिहारका लागि करिब ६ लाख माला बराबरको बजार रहने अनुमान छ। यसमध्ये करिब चार लाख माला आन्तरिक बजारमा खपत हुने र दुई लाख माला निर्यात हुने अनुमान गरिएको छ।

विज्ञापन कारोबार व्यवस्थित गरौं

❖ विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
❖ सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
❖ सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
❖ विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
❖ विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
❖ भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
❖ विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
❖ सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं ।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

दमक.....बढाइएको सरकारको भनाइ छ । तर ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित हुनु र निर्माण कार्य सुरू हुनु फरक विषय हुन् । अब ठेक्का स्वीकृति, सम्झौता र कार्यस्थल व्यवस्थापनका बाँकी प्रक्रिया पूरा भएपछि मात्रै वास्तविक निर्माण सुरू हुनेछ । त्यसैले स्थानीयले यसपटक पनि प्रक्रिया कागजमै सीमित हुने हो कि भन्ने चासो राखेका छन् ।

दमक-चिसापानी सडक निर्माण सम्पन्न भएमा दमक, चिसापानी, लारुम्बा हुँदै इलामको माङ्सेबुङ तथा आसपासका क्षेत्रको आवागमन सहज हुनेछ । यसले स्थानीय कृषि उत्पादनको बजार पहुँच बढाउनुका साथै धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउन सक्छ । सडक विस्तारले स्थानीय व्यापार, पर्यटन र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री बालेन्द्र शाहको चुनावी प्रतिबद्धतामा परेको यो सडकको ठेक्का प्रक्रिया अघि बढेसँगै सरकारको प्रतिबद्धता कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । अब यसको वास्तविक परीक्षा निर्माणस्थलमा देखिने कामले गर्नेछ । अघिल्ला ठेक्का असफल हुनुका कारणको समीक्षा गर्दै नयाँ ठेक्कामा पुरानै कमजोरी दोहोरिन नदिनु सरकार र सम्बन्धित निकायको जिम्मेवारी हो । तीन दशकभन्दा बढी समयदेखि सडकको प्रतीक्षामा रहेका स्थानीयका लागि अर्को घोषणा वा अर्को शिलान्यासभन्दा पनि कालोपत्रे सडकमा सहज यात्रा गर्न पाउनु नै ठूलो उपलब्धि हुनेछ ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा

ठूलो साइजको ईटा उपलब्ध छ ।

सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

उर्लाबारी नगरपालिकाको सँधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०५ बस्ने हरिश्चन्द्र राईको नाममा दर्ता कायम रहेको साबिक मधुमल्ला-५/ण मा भएको कि.नं. १४६ ज.वि. ०-१-७-० मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पुर्व तर्फ सँधियार जुद्द बहादुर कार्की उपस्थित नहुनु भएको हुदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ । अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

कर्जा चुक्ता गर्ने सम्बन्धी १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३ कार्तिक १४ गते शनिबार पूर्वसन्देश दैनिक

यस **नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह**बाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता अनुसार कर्जाको तिनुपर्ने किस्ता, ब्याज तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लंघन भएको र पटक-पटक मौखिक एवम् लिखित तार-तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो **दोस्रो पटक १५ दिने सूचना** प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र ऋण चुक्ता नगरेमा कर्जा लिने ऋणी र सो कर्जाको जमानी बस्ने जमानतकर्ताहरुको कानुनी दायित्व बराबर हुने भएकोले, दुवै पक्षको घरघराना, नाममा रहेको चल अचल सम्पत्ति, बैंक खाता तथा सेयरहरु सहकारी ऐन बमोजिम रोक्का राखी, उक्त जायजेथाबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम असुल उपर गरिनेछ । साथै ऋणी तथा जमानीकर्ता दुवै पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुका साथै सहकारी कर्जा असुली न्यायधिकरण मार्फत् प्रचलित कानुन बमोजिम कडा कानुनी कारबाही अघि बढाईने व्यहोरा यसै सूचनाद्धारा अवगत गराईन्छ ।

सि. नं.	ऋणीको विवरण	ऋणीको फोटो	जमानीकर्ताको नाम	जमानीकर्ताको फोटो
९.	ऋणीको नाम :लिलामाया अधिकारी ना.प्र.नं.: ०४२०४५/४७ झापा सदस्यता नं.: ०१०३४५५ बाबुको नाम : कर्ण ब.खड्का बाजेको नाम : नर ब. खड्का ठेगाना : गौरादह ०२		नाम : रोस्ना अधिकारी बाबुको नाम : .... नाता : छोरी ठेगाना : गौरादह ०२	
१०.	ऋणीको नाम : लिलादेवी चौधरी ना.प्र.नं.: ९१५२३३४ झापा सदस्यता नं.: ०१०४१२३ बाबुको नाम : प्रल्हाद चौधरी बाजेको नाम : खाउ चौधरी ठेगाना : गौरादह ०८		नाम : महेन्द्र चौधरी बाबुको नाम : चेतलाल चौधरी नाता : श्रीमान ठेगाना : गौरादह ०८	
११.	ऋणीको नाम : तुलाराम थामी ना.प्र.नं.: ९५६१ झापा सदस्यता नं.: ०१०२८०४ बाबुको नाम : पदम कुमार थामी बाजेको नाम : कर्ण ब.थामी ठेगाना : गौरादह ०४		नाम : सुनिता थामी बाबुको नाम : राम ब. थापा नाता : श्रीमती ठेगाना : गौरादह ०४	
१२.	ऋणीको नाम : टेक ब.तामाङ्ग ना.प्र.नं.: ६९७११६३४ झापा सदस्यता नं.: ०१०४६९२ बाबुको नाम : खडग सिंह तामाङ्ग बाजेको नाम : मंडल सिंह तामाङ्ग ठेगाना : गौरादह ०१		नाम : सुजाता धिमाल बाबुको नाम : सुर्य धिमाल नाता : श्रीमती ठेगाना : गौरादह ०१	
१३.	ऋणीको नाम : सिर्जना चौधरी ना.प्र.नं.: .... सदस्यता नं.: ०१०४१६५ बाबुको नाम : मुसे चौधरी बाजेको नाम : सन्ते चौधरी ठेगाना : गौरादह ०८		नाम : दुखिलाल साहा ना.प्र.नं.: ०४३०४७/२०१ बाबुको नाम : प्रभुलाल साहा नाता : श्रीमान ठेगाना : गौरादह ०८	
१४.	ऋणीको नाम : जित ब.दर्जी ना.प्र.नं.: १४०८४ झापा सदस्यता नं.: ०१०५०७१ बाबुको नाम : सुर्य ब.दर्जि बाजेको नाम : गुन्टे दमाई ठेगाना : गौरादह ०४		नाम : सुर्य ब.दमाई बाबुको नाम : गुन्टे दमाई नाता : बुबा ठेगाना : गौरादह ०४	

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com